# सुनवल औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन ऐन, २०७७

**प्रस्तावनाः**
स्थानीय स्रोत साधन र सीपको परिचालन गरी सञ्चालन हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग स्थापनाका लागि स्थान अभाव तथा उद्योग संचालनका लागि आवश्यक सेवा सुविधा अभाव लगायत विभिन्नवाधा अवरोधलाई सम्बोधन गर्न नेपाल सरकारबाट घोषणा भए बमोजिम औद्योगिक ग्रामको स्थापना,सञ्चालन तथा व्यवस्थापन र प्रबर्द्धन गर्न,सुनवल नगर कार्यपालिकाबाट यो ***"सुनवल औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन ऐन, २०७७***" जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**
   (१) यस ऐनको नाम ***"सुनवल औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन ऐन, २०७७***" रहेको छ।
   (२) यो ऐन सुनवल नगरपालिकाभर लागू हुनेछ।
   (३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस *ऐनमा,-*
   (क) **"औद्योगिक ग्राम"** वा **"ग्राम"**भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमसुनवल नगरपालिकामा स्थापनाहुने सुनवल औद्योगिक ग्राम सम्झनु पर्छ।
   (ख) **"ऐन"** भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ।
   (ग) **"इकाई"** भन्नाले दफा ३२ बमोजिम स्थापना भएको उद्यमशीलता प्रवर्धनइकाई सम्झनु पर्छ।
   (घ) **"उद्योग"** भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून अनुसार दर्ता भई औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग सम्झनु पर्छ।
   (ङ) ***"ऐन"*** भन्नाले ***सुनवल औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन ऐन, २०७७*** सम्झनु पर्छ।
   (च) **"महाशाखा"**भन्नाले सुनवल औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी भएको नगर कार्यपालिका मातहत रहने औद्योगिक ग्राम व्यवस्थापन महाशाखा सम्झनु पर्छ।
   (छ) **"नगरपालिका"** भन्नाले सुनवल नगरपालिका सम्झनु पर्छ।
   (ज) "**संघिय मन्त्रालय"** भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयलाई सम्झनु पर्छ।
   (झ) **"प्रदेश मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ।
   (ञ) **"सम्झौता"** भन्नाले औद्योगिक ग्राम भित्र रहेको जग्गा वा भवन भाडामा दिने सम्बन्धमा उद्योग र कार्यालयबीच भएको लिखित सम्झौता सम्झनु पर्छ।
   (ट) **"समिति"** भन्नाले दफा २७ अनुसार गठितसंचालक समिति सम्झनु पर्छ।
   (ठ) **"घना मानव वस्ती"** भन्नाले १००० घरधुरी वा सो भन्दा वढी बस्ती भएको क्षेत्रलाई बुझाउने छ।

## परिच्छेद २
## मापदण्ड

३. **औद्योगिक ग्रामको संचालन मापदण्ड देहायवमोजिम हुनेछन :**
   (१) औद्योगिक ग्राम स्थापनाका जग्गाको छनोट गर्दा देहायका मापदण्ड पूरा भएको हुनुपर्ने छ :
      (क) सुनवलऔद्योगिक ग्रामको स्थापनाको लागि जग्गाको न्यनूतम क्षेत्रफल २० विगाहा,
      (ख) प्रस्तावित औद्योगिक ग्राम र मानव वस्तीदेखिको दुरीन्यूनतम१ किलोमिटर,
      (ग) औद्योगिक ग्रामको २०० मिटरको वरीपरी मानब बस्ती हुन नहुने,
      (ग) पूर्वाधार विकास देहाय बमोजिम भएको हुनु पर्ने :
         (१) राजमार्ग संग जोड्ने पहुंचमार्गको (Approach Road)न्यूनतम चौडाई १० मिटर,
         (२) औद्योगिक ग्रामका लागि ११ के.भि.ए. को विद्युत प्रसारण लाइन,

(३) आन्तरिक विद्युत वितरण लाइन,
(४) दूर संचार सेवा,
(५) खानेपानी - स्रोत,
(६) ढल निकास,
(७) औद्योगिक फोहोर व्यवस्थापन,

(घ) आर्थिक तथा भौगोलिक दृष्टिकोणबाट उपयुक्त,

(ङ) औद्योगिक ग्रामको स्थापना तथा सञ्चालनबाट वातावरणमा उल्लखेनीय प्रतिकूल प्रभाव पर्न नहुने,

(च) आवश्यकता अनुसार नेपाल सरकार वा नगर कार्यपालिकाले निर्धारण गरेका अन्य मापदण्ड पुरा भएको हुनुपर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक बनोट, जग्गाको उपलब्धता तथा भौतिक पूर्वाधार विकासको सम्भावना वा मनासिब माफिकको कारणले न्यूनतम क्षेत्रफल तथा दूरीमा आवश्यकता अनुसार परिबर्तन गर्न वाधा पर्ने छैन ।

(३) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि निजी क्षेत्रको लगानीकर्ताआफैले जग्गा व्यवस्था गरि स्थापना, विकास, सञ्चालन तथा व्यवस्थापन गरी स्थापना हुने औद्योगिक ग्रामको हकमा जग्गाको न्यनूतम क्षेत्रफल १२ विगाहा हुनु पर्नेछ ।

तर एकल व्यक्ति वा समुहवाट संचालित एकल नामबाट स्थापित हुनेऔद्योगिक ग्रामलाई सरकारी क्षेत्रबाट प्राप्त हुने सुविधा उपलव्ध हुने छैन ।

**४. <u>औद्योगिक ग्रामको निर्माण तथा विकास सम्बन्धी मापदण्ड सम्बन्धी व्यवस्था :</u>**

(क) औद्योगिक ग्राम भित्रको जग्गाको उपयोग देहाय बमोजिम हुनु पर्नेछ :

| | |
|---|---|
| (१) उद्योग स्थापनाको लागि प्लट कुल जग्गाको | ६० देखि ७० प्रतिशत |
| (२) प्रशासनिक तथा सेवा केन्द्र | २ देखि ५ प्रतिशत |
| (३) हरियाली क्षेत्र | ७ देखि १० प्रतिशत |
| (४) मुल सडक तथा सहायक सडक क्षेत्र | १२ देखि १५ प्रतिशत |
| (५) खाली जग्गा विपद व्यबश्थापनका लागि | ३ देखि ५ प्रतिशत |
| (६) अन्य सेवा क्षेत्र | ५ देखि ८ प्रतिशत |

**स्पष्टीकरण** : अन्य क्षेत्र भन्नाले पार्किङ्ग,लोड ⁄अनलोड, स्वास्थ्य केन्द्र आदीलाई सम्झनु पर्नेछ ।

(ख) औद्योगिक ग्रामभित्रको सडकको मापदण्ड देहाय बमोजिम हुनु पर्नेछ :
(१) ग्रामभित्रको मुख्य सडकको न्यूनतम चौडाई १० मिटर,
(२) ग्रामभित्रको सहायक सडकको न्यूनतम चौडाई ७ मिटर,
(३) ग्रामभित्रको मुख्य सडकको कम्तिमा एक पट्टि फुटपाथको व्यवस्था,

**५. औद्योगिक ग्राममा उपलब्ध हुने सामान्य सेवा सुविधा र पूर्वाधार विकास सम्वन्धी व्यवस्था देहायवमोजिम हुनुपर्ने छ :**

**(क) सामान्य सेवा सुविधा :**
(१) औद्योगिक ग्राम प्रशासनिक भवन
(२) बैंक तथा वित्तीय संस्थाको कार्यालय
(३) दिवा शिशु स्याहार केन्द्र
(४) प्राथमिक स्वास्थ्य उपचार केन्द्र
(५) अग्नि नियन्त्रणको व्यवस्था
(६) सामान प्रदर्शनी तथा बिक्री कक्ष
(७) शौचालय तथा स्नान गृह : महिला **तथा** पुरुषको लागि छुट्टा छुट्टै,
(८) पार्किङ स्थल तथा विश्राम स्थल
(९) खुला मैदानतथापार्क,

(१०) चमेना गृह

**(ख) पूर्वाधार विकास :**

(१) औद्योगिक ग्रामको प्रवेशद्वार सहितको सीमा पर्खाल वा तारबार
(२) पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्ग
(३) ग्रामभित्रको मुख्य मार्गको साइडमा पैदलमार्ग
(४) उद्योग स्थापनाका लागि विभिन्न प्लट
(५) विद्युत प्रसारण लाइन, आवश्यकता अनुसार विद्युत सब स्टेसन तथा ट्रान्सफर्मरको व्यवस्था
(६) सम्भव भएसम्म वैकल्पिक उर्जाको प्रयोग
(७) गोदाम घरको व्यवस्था
(८) पानी आपूर्ति व्यवस्था
(९) भूमिगत र सतह ढल निकासको व्यवस्था
(१०) फोहोर व्यवस्थापन,औद्योगिक फोहोर व्यवस्थापन (फोहोर मैला सङ्कलन तथा विस्थापन)
(११) आवश्यकता अनुसार प्रदुषित पानी उपचार संयन्त्रको (Waste Water Treatment Plant) व्यबस्था
(१२) संचार सुविधाको व्यबस्था : टेलिफोन, इन्टरनेट, कुरियर (सम्भव भएसम्म)
(१३) पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्गको दुवै किनारामा रुख, बिरुवा ।
(१४) औद्योगिक ग्रामको २०० मिटरको वरीपरी मानब बस्ती विकाश नहुने व्यबश्था मिलाउने । यस्तो व्यवस्था २०० मिटरको आसपासको क्षेत्रभित्र हरियाली क्षेत्र विकास गरी पनि गर्न सकिने छ ।
(१५) सडक बत्तीको व्यबस्था

## परिच्छेद ३
## स्थान छनोट, जग्गा प्राप्ति र औद्योगिक ग्रामको घोषणा

**६. नगरपालिकाले भूउपयोग योजना बमोजिम जग्गा छनोट गर्ने :**

नगरपालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७को उपदफा (२) को व्यवस्था तथा राष्ट्रिय भूउपयोग नीतिको प्रावधान अनुरुप आफ्नो सम्पूर्ण क्षेत्रलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग क्षेत्र तथा आवश्यकता अनुसार अन्य क्षेत्रमा वर्गीकरण गरी तयार गरेको भूउपयोग योजनामा तोकिएको औद्योगिक क्षेत्रकोभूभागमा औद्योगिक ग्राम स्थापनाको लागि जग्गा छनोट गर्नु पर्नेछ ।

तर,भूउपयोग योजना तयार नभईसकेको अवस्थामा औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्य जग्गा छनोट गर्न, जग्गा प्राप्ति गर्न र औद्योगिक ग्राम घोषणा गर्न यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**७. औद्योगिक ग्रामको लागि जग्गाको लगत तयार गर्ने :**

(१) नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुले भूउपयोग योजना अनुसार आ-आफ्नो वडामा रहेका सम्भाव्य जग्गाको लगत संकलन तथा अभिलेख राख्नु पर्नेछ ।
(२) सम्वन्धित वडाले उपदफा (१) वमोजिम राखिएको लगत विवरण नगरपालिकामा पठाउनु पर्नेछ ।
(३) उपदफा (२) वमोजिम सबै वडाबाट प्राप्त लगतको आधारमा नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका भूउपयोग योजनामा औद्योगिक क्षेत्रको लागि तोकिएको स्थानको सार्वजनिक पर्ति खाली जग्गाको लगत तयार गर्नुपर्ने छ ।

**८. औद्योगिक ग्रामको लागि स्थान छनोट :**

(१) दफा ७ अनुसार जग्गाको लगत तयार भएकोमा सो लगत मध्येबाट वा लगत तयार नभएकोमा सम्भाव्य जग्गा मध्येबाट औद्योगिक ग्राम स्थापनाको लागि तोकिएको मापदण्ड पूरा हुने, न्यूनतम क्षेत्रफल पुग्ने जग्गाको उपलब्धता, कच्चापदार्थ तथा कामदारको उपलब्धता, लगानीको सम्भावना, बजारको सम्भाव्यता, आर्थिक तथा भौगोलिक अवस्था समेतलाई आधार बनाई औद्योगिक ग्राम स्थापनाको लागि जग्गा छनोट गर्नुपर्नेछ ।

तर, जग्गा छनौट गर्दा सिंचाई सुविधा उपलब्ध भएको उर्वर भूमि, घना बन जंगल, तथा भौगोलिक रुपमा जोखिमयुक्त स्थानलाई छनोट गर्न सकिने छैन ।

(२) **जग्गा छनोटको लागि प्राथमिकताको क्रम देहाय बमोजिम हुनुपर्ने :**

(क) नगरपालिकाको स्वामित्वमा रहेको खाली जग्गा,

(ख) नदी तथा खोलाले धार परिवर्तन गरि छोडेको वा अन्य सार्वजनिक पर्ति जग्गा ,

(ग) सामुदायिक वनले ओगटेको खालि पर्ति जग्गा,

(घ) नेपाल सरकारको नाममा रहेको जग्गा (नेपाल सरकारको पूर्व सहमतिमा) ,

(ङ.) खरिद वा अधिग्रहण गर्नुपर्ने निजी जग्गा,

(३) **पूर्व सम्भाव्यता अध्ययन :**

(क) जग्गा छनोट गर्नु अघि नगरपालिकाले सम्भावित जग्गाको पूर्व सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम नगरपालिकाले पूर्व सम्भाव्यता अध्ययन गराउँदा निजी क्षेत्र, वन प्राविधिक वा अन्य सम्बन्धित विषयविज्ञबाट समेत गराउन सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम पूर्व सम्भाव्यता अध्ययनबाट चारकिल्ला समेत तोकी प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(घ) पूर्व सम्भाव्यता अध्ययन गर्दा अनुसूची १ बमोजिमको परीक्षण सूची (Check List) अनुसार गर्नु पर्नेछ ।

(४) **नगर कार्यपालिकाको सहमति हुनुपर्ने** :

पूर्व सम्भाव्यता प्रतिवेदनबाट उपयुक्त हुने भई पहिचान गरिएको जग्गामा औद्योगिक ग्राम स्थापना गर्न नगर कार्यपालिकाको निर्णय सहितको सहमति हुनु पर्नेछ ।

## ९ औद्योगिक ग्रामको घोषणा :

(१) **नगरपालिकाले प्रदेश मन्त्रालयमा अनुरोध गर्ने** : नगरपालिकाले पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा औद्योगिक ग्राम स्थापना गर्न सहमतिपत्र, चार किल्लासहित जग्गाको विवरण तथा देहायका कागजात समेत संलग्न गरी प्रदेश मन्त्रालयमा औद्योगिक ग्राम घोषणा गर्ने प्रक्रिया अगाडि बढाउन सिफारिस तथा समन्वयको लागि पत्र पठाउनु पर्नेछ :

(क) प्रस्तावित औद्योगिक ग्रामको चार किल्ला खुलेको नक्सा,

(ख) हालको जग्गाको स्वामित्व खुलेको प्रमाणित कागजात,(सम्बन्धित मालपोत र नापी कार्यालयबाट प्राप्त गरि)

(ग) औद्योगिक ग्राममा स्थापना हुनसक्ने सम्भावित उद्योगहरुको विवरण,

(घ) सम्भावित लगानी,

(ङ) सम्भावित बजार व्यवस्था,

(च) सिर्जना हुनसक्ने सम्भावित रोजगारी,

(छ) अन्य आवश्यक कागजात,

(२) **प्रदेश मन्त्रालयले सम्भाब्यता अध्ययन गर्ने, गराउने**

(क) नगरपालिकाबाट प्राप्त कागजात र पत्रको आधारमा प्रदेश मन्त्रालयले औद्योगिक ग्राम घोषणाको उपयुक्तताको विषयमा निर्णय लिने सन्दर्भमा प्रबिधिक विशेषज्ञहरु बाट सम्भाव्यता अध्ययनगराई औद्योगिक ग्राम घोषणा गर्न संघीय मन्त्रालयलमा सिफारिस गर्नेछ ।

(ख) नगरपालिकाले प्रदेश मन्त्रालयलाई सम्भाव्यता अध्ययन गर्नमा माग भए बमोजिमको आवश्यक सहयोग गर्नु पर्नेछ ।

(३) औद्योगिक ग्राम घोषणाको लागि प्रदेश मन्त्रालयबाट सिफारिस सहित आवश्यक कागजात प्राप्त भएपछि संघीय मन्त्रालयले आवश्यक प्रक्रिया पूरा गरी नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णयबाट औद्योगिक ग्राम घोषणा हुनेछ ।

(४) औद्योगिक ग्राम घोषणा भएको सूचना नेपाल राजपत्रमा प्रकाशित भएको मितिबाट लागू तथा कार्यान्वयन हुनेछ ।

(५) औद्योगिक ग्राम स्थापना गर्ने सिलसिलामा निजी जग्गा प्राप्त गर्नु पर्ने अबस्था आएमा जग्गा प्राप्ति ऐन, २०३४ तथा अन्य प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सकिनेछ ।

## परिच्छेदः ४
## औद्योगिक ग्रामको स्थापना, तथा विकास

**१०. औद्योगिक ग्रामको स्वामीत्व रव्यवस्थापन सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :**

(१) संघीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्रामको भोगाधिकार वा स्वामीत्व नगरपालिकामा रहने गरी तोकेमा वा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनमा अन्यथा व्यवस्था नभएमा औद्योगिक ग्रामको भोगाधिकार वा स्वामीत्व नगरपालिकामा रहनेछ ।

(२) नगरपालिकाको स्वामीत्वमा रहेको जग्गामा स्थापना भएको औद्योगिक ग्रामको स्वामीत्व भने नगरपालिकामा नै निहित रहनेछ ।

(३) औद्योगिक ग्रामको सञ्चालन, व्यवस्थापन तथा संरक्षण गर्ने अधिकार तथा दायित्व नगरपालिकाको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिको भएतापनि नगर कार्यपालिकाले चाहेमानिजी क्षेत्रसँग सम्झौता गरी निजी क्षेत्रलाई एकल रुपमा वा सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(५) निजी क्षेत्रले कुनै सम्भावित स्थानमा औद्योगिक ग्राम स्थापना, संचालन वा व्यवस्थापन गर्न चाहेमा कार्यालय मार्फत समिति समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा औद्योगिक ग्रामको स्थापना, संचालन वा व्यवस्थापन गर्न उपयुक्त देखिएमा समितिले निवेदकलाई औद्योगिक ग्रामको स्थापना, संचालन वा व्यवस्थापन गर्न अनुमति दिनेछ ।

(७) उपदफा (६) बमोजिम अनुमति प्रदान गर्दा समितिले निजी क्षेत्रसँग औद्योगिक ग्रामको स्थापना, संचालन र व्यवस्थापन सम्बन्धी कुराहरु खुलाई लिखित सम्झौता गर्नु पर्नेछ ।

**११. औद्योगिक ग्रामको सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाको सहमति तथा सिफारिसमा संघीय सरकारले घोषणा गरेकोस्थानमा नगरपालिकाले औद्योगिक ग्राम स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) नगरकार्यपालिकाको आफ्नो स्वामित्वमा रहेको जग्गालाई औद्योगिक ग्रामको रूपमा विकास गर्नसक्नेछ ।

(३) नगरकार्यपालिकाले निजीक्षेत्रको लगानी तथा सहभागितामा सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम औद्योगिक ग्रामका लागि आवश्यक पर्ने जग्गामा लगानी गरी औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापन गर्न वा गराउन सक्नेछ ।

**१२. विशेष वस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्रामः**

(१) नगरपालिका आफैले वा निजी क्षेत्रसँग सहकार्य गरी तुलनात्मक लाभको आधारमा विशेष वस्तु मात्र उत्पादन हुने औद्योगिक ग्राम स्थापना गरी यस ऐनको व्यवस्था बमोजिम सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) निजी क्षेत्रले आफ्नै लगानी र स्वामित्वमा विशेष वस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा यस ऐनको व्यवस्था वमोजिम स्थापना गरी सञ्चालनर व्यवस्थापन गर्न नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

**१३. महिला उद्यमी विशेष औद्योगिक ग्रामः**महिला उद्यमीलाई उद्यमशीलता तर्फ आकर्षित र प्रोत्साहन गर्न महिला उद्यमीले मात्र उद्योग स्थापना गर्न पाउने गरी नेपाल सरकारले महिला उद्यमी विशेष औद्योगिक

ग्राम घोषणा गरेको अवस्थामा उक्त औद्योगिक ग्रामनगरपालिका आफैले वा निजी क्षेत्रका महिला उद्यमीसँग सहकार्य गरी यस ऐनको प्रावधान अनुरुप सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

**१४. औद्योगिक ग्रामको क्षेत्र छुट्याउन (Zoning)गर्न सक्ने :**

(१) औद्योगिक ग्राम विकास गर्ने क्रममा उद्योगको प्रकृति अनुसार समान प्रकृतिका उद्योगलाई औद्योगिक ग्रामभित्रको एकै क्षेत्रमा संचालन हुने गरी जग्गा तथा संरचना विभाजन (Zoning )गर्न सक्नेछ ।

(२) समितिले उद्योग संचालनको लागि स्वीकृति प्रदान गर्दा कुनै एक उद्योगले सँगै रहेको अन्य उद्योगको संचालनमा असर नहुने गरी स्वीकृति दिनु पर्नेछ ।

**१५. विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) सम्वन्धी व्यवस्था :**

(१) नगरपालिकाले औद्योगिक ग्रामको स्थापना तथा पूर्वाधार निर्माणको लागि आफ्नो क्षेत्रभित्रको प्रत्येक भूभागको उपयोग र उद्योग स्थापनाका लागि प्लटिंग क्षेत्र, सेवा केन्द्र, प्रशासनिक इकाइ, बाटो, ढल, विद्युत लाइन, खुलाक्षेत्र आदिका लागि विस्तृत रुपमा अध्ययन, अनुसन्धान गरी कार्यान्वयन गर्न सकिने आधार सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन सम्बन्धित विशेषज्ञहरु वीच छलफल गराई उपयुक्त देखेमा आवश्यक संशोधन सहित प्रदेश मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

(३) प्रदेश मन्त्रालयले विशेषज्ञहरुको राय सुझाव लिई उपयुक्त देखेमा आवश्यक संशोधन सहित स्वीकृत गर्न सक्नेछ । स्वीकृत गरेको प्रतिवेदन जानकारी तथा कार्यान्वयनको लागि नगरपालिकामा पठाउनु पर्नेछ ।

**१६. औद्योगिक ग्रामको विकासको लागि वित्तीय ब्यवस्थापन :**

(१) औद्योगिक ग्रामको विकास, स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाले आफ्नै स्रोतबाट वित्तीय व्यवस्था गर्न सक्नेछ ।

(२) औद्योगिक ग्रामको विकास, स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाले संघीय र प्रदेश सरकारबाट देहायव मोजिमको वित्तीय तथा प्राविधिक सहयोग लिन सक्नेछ ।

(क) संघीय मन्त्रालयबाट औद्योगिक ग्रामसम्म पुग्ने पहुचमार्ग तथा विद्युत लाईन निर्माण, नदि नियन्त्रण तथा पूर्वाधार विकासमा पूर्ण वा आंशिक रुपमा नगरपालिकालाई वित्तीय सहयोग लिन सक्ने सक्नेछ ।

(ख) प्रदेश मन्त्रालयबाट सम्भाव्यता अध्ययन, नदि नियन्त्रण तथा औद्योगिक ग्राम भित्रको अन्य सार्वजनिक पूर्वाधार निर्माणमा सडक, विद्युत वितरण लाईन, पर्खाल तथा तारबार निर्माणमा पूर्ण वा आंशिक रुपमा वित्तीय वा प्राविधिक सहयोग लिन सक्ने सक्नेछ ।

(३) नगरपालिकाले ग्राम भित्रका अन्य पूर्वाधार निर्माणमा लगानी गर्न सक्नेछ ।

(४) उद्योगले आफ्नो आवश्यकता अनुसार कारखाना, घर लगायतका संरचना तथा अन्य उपकरणमा लगानी गर्नु पर्नेछ ।

**१७. औद्योगिक ग्राम विकास गर्ने तरिका :**

(१) देहायका कुनै तरिकाबाट औद्योगिक ग्रामको विकास गर्न सकिनेछ :

(क) नगरपालिका आफैले :औद्योगिक ग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माणका कार्य नगरपालिका आफैले गर्न सक्नेछ ।

(ख) निजी क्षेत्रको लगानीकर्ताबाट :

(१) निजी क्षेत्रको लगानीकर्ता आफैले जग्गा व्यवस्था गरी विकास, सञ्चालन तथा व्यवस्थापन समेत आफै गर्ने गरी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा प्रदेश सरकारले स्थानीय तहको सिफारिसमा सोको मापदण्ड पालना गर्ने गरी निश्चित शर्त र प्रक्रिया निर्धारण गरी निजी क्षेत्रलाई अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट स्थापना हुने औद्योगिक ग्राममा नेपाल सरकारले सार्वजनिक पहुँच मार्ग तथा विद्युत लाईन निर्माणमा पूर्ण वा आंशिक सहयोग गर्न सक्नेछ ।

(ग) नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रचलित कानून बमोजिम नगरपालिका र निजी क्षेत्रको संयुक्त सहभागिताबाट,

(२) नगरपालिका र निजी क्षेत्रको संयुक्त सहभागिता (PPP Model) बाट औद्योगिक ग्राम विकास गर्दा देहायका वैकल्पिक तरीका मध्ये नगरपालिकाले उपयुक्त तरिका छनोट गर्न सक्नेछः

(क) नगरपालिकाले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) नगरपालिका र निजीक्षेत्र दुवैबाट विकासमा संयुक्त लगानी गरेर ।

(३) नगरपालिकाले निजी क्षेत्रको संयुक्त सहभागितामा औद्योगिक ग्राम विकास गर्ने तरिका छनोट गर्दा देहायका विषयवस्तुको विवरण खुलाउनु पर्नेछ :

(क) औद्योगिक ग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा,

(ख) स्थानीय तह र निजीक्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) औद्योगिक ग्रामको विकासका लागि स्थानीय तह र निजी क्षेत्रले गर्ने लगानीको अनुमानित रकम र लगानीको अंश दर (Investment Ratio),

(घ) स्थानीय तह र निजी क्षेत्रबिच औद्योगिक ग्राम संचालन तथा व्यवस्थापनबाट हुने आयको बाँडफाँडको दर (Revenue Sharing Ratio),

(ङ) औद्योगिक ग्राममा सञ्चालन हुन सक्ने उद्योगको प्रकृति र अनुमानित उद्योगको संख्या,

(च) औद्योगिक ग्रामको संचालन तथा व्यवस्थापन गर्ने तरिका,

(छ) अन्य आवश्यक विवरण ।

(४) उपदफा (३) बमोजिमको विवरण तथा आवश्यक कागजातको अध्ययनबाट नगरपालिकाले संयुक्त सहभागितामा विकास गर्न उपयुक्त देखेमा सोही अनुसारको निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको जानकारी संघीय मन्त्रलाय र प्रदेश मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

(६) नगरपालिका र निजी क्षेत्रको संयुक्त सहभागितामा औद्योगिक ग्राम विकास गर्ने सम्बन्धमा छुट्टै ऐन बनाई लागू गर्न सकिनेछ ।

## परिच्छेद ५
## औद्योगिक ग्रामको जग्गा तथा भवन प्रयोगसम्बन्धी व्यवस्था

**१८. उद्योगका भवन/जग्गा लिज लिदा अपनाउनु पर्ने ऐनः**

उद्योगको स्थापना र संचालनका लागि भवन/जग्गा लिजमा उपलब्ध गराउँदा यसै ऐनमा तोकिएको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

**१९. औद्योगिक ग्राममा स्थापना हुनेउद्योगको वर्गीकरण मापदण्ड :**

औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन गर्न पाइने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगऔद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम देहाय बमोजिम मापदण्ड निर्धारण गरिएको छ : -

(क) देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ-

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी भएको उद्योग ।

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौजनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण, वा मेसिनमाखपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन, क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

तर उपखण्ड (१) देखि( ५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

(ख) देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योगमानिनेछ-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची-१ मा उल्लेख भए बमोजिमका उद्योगहरु ,

(ग) देहायको अवस्था भएको उद्योगलाई साना उद्योगमानिनेछ-

(१) लघु उद्यम र घरेलु उद्योग बाहेक दश करोड रुपैयाँसम्मको स्थिर पूँजी भएको उद्योग,

**२०. औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकताः**

(१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम उद्योगको वर्गीकरणमा परेको लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग मात्र औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन गर्न पाइनेछ ।

तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने उद्योगहरु औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन गर्न पाइने छैन ।

(२) औद्योगिक ग्रामभित्र उद्योग स्थापनाका लागि जग्गा तथा भवन भाडामा दिँदा सामान्यतया देहायका आधारमा प्राथमिकता दिइनेछः

(क) स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थ, अर्धप्रशोधित कच्चा पदार्थ वा खेर गएको वस्तु प्रयोग गरी/प्रशोधन गरी उत्पादन गर्ने उत्पादनमूलक उद्योग ।

(ख) कृषि तथा वन पैदावरमा आधारित उद्योग,

(१) डेरी

(२) मह प्रशोधन

(३) चिया, कफी प्रशोधन

(४) फलफूल प्रशोधन

(५) जडीबुटीमा आधारित

(६) काठ तथा बेतबाँसजन्य फर्निचर उद्योग

(ग) स्थानीय स्तरको मागमा आधारित साना तथा घरेलु उद्योग

(घ) खानी तथा खनिजमा आधारित उद्योग : धातु वा खनिज प्रशोधन गर्ने उद्योग

(ङ) ऊर्जामूलकउद्योगः सौर्य ऊर्जा,नवीकरणीय ऊर्जासँग सम्बन्धित/बायोग्यास प्लान्ट आदि

(च) सेवामूलक उद्योगः छापाखाना, यान्त्रिक कार्यशाला, पानी प्रशोधन, प्राविधिक प्रशिक्षण, सीप विकास, सफ्टवेयर विकास आदि ।

(छ) प्रतिस्पर्धात्मक क्षमता भएका अन्य उद्योग ।

(ज) नगरपालिकाले उपयुक्त ठानेका अन्य उद्योग ।

(३) उपदफा (२) मा उल्लेख भएका उद्योग संचालन गर्नका लगि महिला उद्यमी वा तीस वर्ष वा सोभन्दा कम उमेरका युवा उद्यमीले निवेदन दिएमा त्यस्ता उद्यमीलाई पहिलो प्राथमिकता दिईनेछ ।

**२१. जग्गाको लागि सूचना जारी गर्ने :**

(१) औद्योगिक ग्रामको कुनै जग्गा वा भवन भाडामा दिने प्रयोजनका लागि कम्तीमा एक्काइस दिनको म्याद दिई कार्यालयले राष्ट्रियस्तर तथा कम्तीमा एउटा स्थानीय स्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना कार्यालयको सूचना पाटीमा टाँस गर्ने तथा कार्यालयको वेबसाइट भए सोमा समेत राख्नुपर्नेछ ।

**२२. निवेदन पेश गर्नुपर्ने :**

(१) दफा २१ बमोजिमसूचना जारी गरिएकोमा उक्त जग्गा वा भवन भाडामा लिन चाहने उद्योगले बीस हजार रुपैयाँ निवेदन शुल्क (फिर्ता नहुने) संलग्न गरी देहाय बमोजिमको कागजात सहित अनुसूची २ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन पेश गर्नुपर्नेछः

(क) स्थापना भइसकेका उद्योगको हकमाः
(१) उद्योग दर्ता प्रमाणपत्र,
(२) संस्थाको दर्ता प्रमाणपत्र, संस्था कम्पनी भए कम्पनीको प्रबन्धपत्र र नियमावली,
(३) गत आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाण/निस्सा,
(४) उद्योगको लगानीकर्ता तथा सञ्चालकको परिचय खुल्ने विवरण,
(५) उद्योगको सञ्चालन अवधिको लेखापरीक्षण भएको आर्थिक विवरण र व्यावसायिक योजना।
(ख) नयाँ उद्योगको हकमा देहाय बमोजिमका कागजात समावेश गर्नुपर्नेछ :
(१) आगामी तीन वर्षको व्यावसायिक योजना तथा प्रक्षेपित आर्थिक विवरण,
(२) उद्योग दर्ता प्रमाणपत्र, उद्योग कम्पनीको रुपमा दर्ता भएको भए प्रबन्धपत्र र नियमावली,
(३) लगानीकर्ता तथा सञ्चालक परिचय खुल्ने विवरण,
(ग) तोकिएको निवदेन दस्तुर तिरेका भौचर र
(घ) यस ऐनको दफा २३बमोजिमको विवरण।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर जाँचबुझ गर्दा जग्गा वा भवन भाडामा दिन उपयुक्त देखिएमा समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सम्झौता गर्नका लागि पत्राचार गर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले जग्गा वा भवन भाडामा दिन उपयुक्त छ वा छैन भनी निर्णय गर्दा यस ऐनको दफा १२मा उल्लेख भएका विषयलाई आधार मानी निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा जग्गा वा भवन भाडामा दिन उपयुक्त छैन भनी निर्णय गर्दा सोको आधार र कारण सहितको जानकारी निवेदकलाई दिनुपर्नेछ।

(५) औद्योगिक ग्राममा एकै किसिमको एकभन्दा बढी उद्योग स्थापना गर्न निवेदनपत्र परेमा र माग भए बमोजिमका त्यस्ता सबै उद्योगहरुलाई स्थान अभावको कारणले सो औद्योगिक ग्राममा स्थापना गर्न जग्गा वा भवन बहालमा उपलब्ध गराउन नसकिने भएमा दफा २० बमोजिम तोकिएको प्राथिमकताका आधारमा निर्णय गर्नुपर्नेछ।

**२३. अनुमतिका लागि पेश गरेको निवेदनको मूल्याङ्कन गर्ने आधारः**

(१) दफा २२बमोजिम पेश भएका निवेदनको अनुमति दिन मिल्ने वा नमिल्ने भनी समितिले निर्णय गर्दा देहायका कुराका आधारमा निर्णय गर्नु पर्नेछ :
(१) दफा२० बमोजिम प्राथमिकताक्रमको आधारमा प्रथामिकता समूहभित्र पर्ने उद्योग,
(२) प्रस्तावित उद्योगको प्रक्षेपित आर्थिक विवरण (पूँजी, लगानी, अपेक्षित उत्पादन, प्रतिफल प्राप्त गर्ने अवधि, प्रक्षेपित नाफा),
(३) प्रस्तावित उद्योगको व्यवस्थापकीय क्षमता (क्षमता, खुबी, ज्ञान, सीप, शैली, जानकारी ),
(४) प्रस्तावित उद्योगले दिने प्रत्यक्ष रोजगारी संख्या,
(५) उद्योगले खपत गर्ने कच्चापदार्थ र उत्पादित वस्तुको बजार,
(६) प्रस्तावित उद्योगको वातावरणीय पक्ष।

**२४. सम्झौता गर्नुपर्ने :**

(१) यस ऐनको दफा २२ को उपदफा(२)बमोजिमको पत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र उद्योगले कार्यालयसँग सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अनुसुची ३ मा उल्लिखित कुराहरु खुलाउनुपर्नेछ।

(३) सम्झौता गर्नुपूर्व तोकिएको मासिक भाडा दरले छ महिना बराबर हुने रकम धरौटी वापत कार्यालयको धरौटी खातामा जम्मा गरी बैङ्क भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको उद्योगलेपत्र प्राप्त गरेको पन्ध्र दिनभित्र धरौटी रकम दाखिला गरीसम्झौता गर्न नआएमा पाँच हजार रुपैयाँ जरीवाना लिई दश दिनको समय दिइनेछ।उक्त थप समयमा पनि नआएमा सम्झौता प्रक्रिया रद्द गरिनेछ।

**२५. सम्झौता अवधि :** उद्योगलाई जग्गा वा भवन भाडामा दिँदा पहिलो पटक बढीमा पच्चिसवर्ष अवधिका लागि दिइनेछ ।

**२६. सम्झौताको नवीकरण :**

(१) उद्योगले सम्झौता नवीकरण गर्न चाहेमा सम्झौता बमोजिमको अवधि व्यतीत भएपछि एकै पटक वा पटक पटक गरी बढीमा बीस वर्षको लागि नवीकरण गर्न सकिनेछ । नवीकरण गर्दा नगर कार्यपालिकाले तोके बमोजिमको नवीकरण शुल्क वापतको रकम कार्यालयमा दाखिलागर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरणका लागि निवेदन दिँदा सम्झौताको अवधि समाप्त हुनुभन्दा साठि दिन अगावै कार्यालयले उद्योगलाई लिखित सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादिभत्र निवेदन नदिने उद्योगले त्यस्तो अवधि समाप्त भएको मितिले पैतीस दिनभित्र कार्यालय समक्ष निवेदन दिन सक्नेछ । सो गर्दा उद्योगले समितिले तोकेको नवीकरण शुल्कमा पाँच प्रतिशतले हुन आउने जरीवाना समेत थप गरी कार्यलयमा सो रकम दाखिला गर्नुपर्नेछ ।

(४) उपदफा (३) को अवधिभित्र पनि नवीकरण नभएमा अवधि समाप्त भएको नब्बे दिन भित्र तोकिएको नवीकरण शुल्कमा शतप्रतिशत थप जरिवाना लिई नवीकरण गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्रसमेत नवीकरणका लागि कार्यालय समक्ष निवेदन नदिने उद्योगको सम्झौता नवीकरण हुने छैन ।

(६) यस दफा बमोजिम नवीकरण गर्दा कार्यालयले उद्योगसँग लिनुपर्ने सम्पूर्ण महसुल तथा सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर चुक्ता भएको हुनुपर्नेछ ।

## परिच्छेद ६
## सञ्चालक समितिसम्बन्धी व्यवस्था

**२७. सञ्चालक समितिको गठनः**

(१) प्रथम पटक औद्योगिक ग्रामसञ्चालनमा आएपछिऔद्योगिक ग्रामसञ्चालन र व्यवस्थापन सम्बन्ध गर्नुपर्ने सम्पूर्ण काम कारबाहीको रेखदेख तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि एकऔद्योगिक ग्राम सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिमा देहायका सदस्य रहेनछन् :

(क) नगरपालिकाको प्रमुख वा निजलेतोकेको निर्वाचित १ जनाप्रतिनिधि -अध्यक्ष

(ख) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) सुनवल नगरस्तरिय उद्योग वाणिज्य सम्वन्धी संघ संस्था मध्येबाट नगरपालिकाले मनोनित गरेका२ जना प्रतिनिधि -सदस्य

(घ) प्रमुख, कोष तथा लेखा नियन्त्रक वा निजले तोकेको अधिकृत - सदस्य

(ङ) समितिले मनोनित गरेको औद्योगिक ग्राममा स्थापना भएका उद्यमीमध्येबाट १ जना -सदस्य

(च) समितिले मनोनित गरेको औद्योगिक ग्राममा स्थापना भएका महिला उद्यमीमध्येबाट १ जना - सदस्य

(छ) कार्यालयको प्रमुख - सदस्यसचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधितीन वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरू पुन: एक कार्यकालको लागि मनोनित हुन सक्नेछन् ।

(४) समितिले आवश्यक देखेमा विज्ञ/विशेषज्ञ वा उद्योग व्यवसायमा लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले मनोनयन गरेको सदस्यको कार्य सन्तोषजनक नभएमा समितिले निजलाई जुनसुकै वेला हटाउन सक्नेछ । तर त्यसरी हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिव माफिकको मौका दिनुपर्नेछ ।

**२८. समितिको बैठक सम्बन्धी कार्यविधि :**

(१) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ । तरसमितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नु पर्नेछ र दुई बैठकबीचको अन्तर तीन महिनाभन्दा बढी हुनेछैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचनासाथ बैठकको विषयसूची समेत समितिका सदस्यसचिवले कम्तीमा सात दिनअगावै सबै सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिको तत्काल कायम रहेको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता, अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले आफूले सदस्यको हैसियतले दिएको मतको अतिरिक्त निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय  अध्यक्ष तथा सदस्यसचिवले प्रमाणित गर्नेछन् ।

(८) बैठकसम्बन्धी अन्य ऐन समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**२९. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) औद्योगिक व्यवसाय सम्बन्धी कानूनको परिधिभित्र रही औद्योगिक ग्राम सञ्चालनऐन बनाउने,

(ख) औद्योगिक ग्रामको सञ्चालनर व्यवस्थापनसम्बन्धी नीतिगत निर्णय गर्ने,

(ग) औद्योगिक ग्रामको जग्गा तथा भवनको भाडा  दर, निवेदन दस्तुर, नवीकरण शुल्क, विद्युत तथा पानी महसुल, बिलम्ब शुल्क तथा जरिवाना तथा छुट सम्बन्धी दर निर्धारण गरि स्वीकृतिको लागि नगरकार्यपालिकामा सिफारिस गर्ने ।

(घ) औद्योगिक ग्रामको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने,

(ङ) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको अनुगमन मूल्याङ्कन र नियन्त्रण गर्ने,

(च) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी,दूरसञ्चार, सडक जस्तापूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमाआवश्यक निर्णय गरीसोको कार्यान्वयन गर्ने गराउने,

(छ) भाडादर, सेवा शुल्कमा सामयिक रुपमा पुनरावलोकन गर्ने ,

(ज) उद्योगले यस ऐन अर्न्तगत भएको सम्झौता उल्लङ्घन गरेमा वा ऐनमा भएको अन्य व्यवस्था उल्लङ्घन गरेमा जरिवाना सम्बन्धी निर्णय गर्ने,

(झ) औद्योगिक ग्रामको सञ्चालनर व्यवस्थापनका सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने ।

**३०. भाडादर पुनरावलोकनः**

(१) औद्योगिक ग्रामको जग्गा तथा भवनको भाडादर प्रत्येक पाँच वर्षमा समितिले पुनरावलोकन गरि स्वीकृतिको लागि नगरकार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(२) भाडादर पुनरावलोकन गर्दा नेपाल राष्ट्र बैंकको मुद्रास्फीति/मूल्य स्थिति/मूल्य सूचकाङ्क र प्रचलित बजार दरसमेतलाई आधार लिनुपर्नेछ ।

## परिच्छेद ७
## औद्योगिक ग्राम सञ्चालनतथा व्यवस्थापन कार्यालयसम्बन्धी व्यवस्था

**३१. औद्योगिक ग्राम सञ्चालन तथा व्यवस्थापन कार्यालयको स्थापनाः**

(१) औद्योगिक ग्राम घोषणाभएपछि नगर कार्यपालिकालेऔद्योगिक ग्राम सञ्चालनतथा व्यवस्थापन कार्यालय स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालयमा नगर कार्यपालिकाले नगर कार्यपालिको कुनै कर्मचारीलाई प्रमुखको रुपमा तोक्न वा नियुक्त गर्नेछ । कार्यालयलाई आवश्यक अन्य जनशक्ति नगर कार्यपालिकाले नियुक्त गर्नेछ ।

(३) कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सञ्चालक समितिको निर्णय बमोजिम उद्योगसँग सम्झौता गर्ने र उक्त सम्झौता कार्यान्वयन गर्नका लागि आवश्यक काम कारवाही गर्ने ।

(ख) उद्योगलाई यस ऐनमा प्रत्याभूत गरेको सुविधा प्रदान गर्ने ।

(ग) यस ऐन अन्तर्गतका बहाल, शुल्क लगायतका रकम उठाउने ।

(घ) औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको सूचना प्रविधिमा आधारित अध्यावधिक तथ्यांक राख्ने ।

(ङ) उद्योगको उद्देश्यमा थपघट गर्ने वा उद्योगको पचास प्रतिशत भन्दा बढी शेयर खरिद बिक्री गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(च) औद्योगिक ग्राम सञ्चालनसम्बन्धी अन्य प्रशासनिक काम कारबाही गर्ने ।

(४) नगर कार्यपालिका भित्र औद्योगिक ग्राम सञ्चालनगर्न थप कार्यालय आवश्यक परेमा औद्योगिक ग्राम सञ्चालनतथा व्यवस्थापन कार्यालयले आवश्यकता अनुसार थप शाखा कार्यालय विस्तार गर्न सक्नेछ ।

**३२. उद्यमशीलता प्रवर्धन इकाईः**

(१) कार्यालय मातहत औद्योगिक ग्राममा एक उद्यमशीलता प्रबर्धन इकाई रहनेछ ।

(२) उद्यमशीलताको प्रबर्धन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उद्यमशीलताको विकास तथा प्रवर्धनका लागि उद्यमीलाई प्रशिक्षणात्मक कार्यक्रम संचालन गर्ने ।

(ख) उद्योगबाट उत्पादित वस्तु तथा बजार व्यवस्थापन तथा प्रबर्धन गर्न सहजकर्ताको भूमिका खल्ने ।

(ग) उत्पादित वस्तु वा सेवालाई अन्तराष्ट्रिय बजारमा प्रबर्धन गरी बजारीकरण गर्ने ।

(घ) उद्योगलाई आवश्यक कच्चा पदार्थको उपलब्धताका लागि सहयोग गर्ने ।

(ङ) उद्योगका स्थापना, संचालन तथा व्यवस्थापनका सम्बन्धमा लागू हुने कानुन र सोको परिपालनाका सम्बन्धमा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने ।

(च) उद्योगको विकास र प्रवर्धनका लागि आवश्यक पर्ने अन्य काम कारबाही गर्ने ।

(३) उद्यमशीलता प्रवर्धनइकाईले प्रत्येक आर्थिक वर्षमा आफूले सम्पन्न गरेका गतिविधि, सोबाट हासिल भएको उपलब्धि र आगामी वर्षको कार्ययोजना समेत समेटी वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र उपदफा (३) बमोजिमको प्रतिवेदन उद्यमशीलता प्रवर्धन शाखाले कार्यालय मार्फत् समिति समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद ७
## औद्योगिकग्राम भित्र स्थापना हुने उद्योगले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु

**३३. स्वीकृति लिनु पर्ने :**

(१) औद्योगिक ग्रामभित्र स्थापना भई सञ्चालनभएका उद्योगलेउद्योगको उद्देश्यमा थपघट वा परिवर्तन गर्नुपरेमा समितिको पूर्वस्वीकृति लिनुपर्नेछ ।

तर उद्योगको नाम तथा उद्योगको सञ्चालक  परिवर्तन भएमा उद्योगलेकार्यालयलाई लिखित रुपमा सोको जानकारी गराएपुग्नेछ ।

(२) औद्योगिक ग्रामभित्र संचालित उद्योगका शेयरधनी वा लगानीकर्ताले आफ्नो शेयर स्वामीत्व वा लगानी पूर्ण वा आंशिक रुपमा प्रचलित कानून बमोजिम बेचबिखन गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न सक्नेछन् ।

तर पचास प्रतिशत वा सोभन्दा बढी शेयर बेचबिखन गर्न वा अन्य प्रकारले हस्तान्तरण गर्नु परेमा कार्यालयको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(३) उद्योगको उद्देश्य, नाम, शेयरधनी, सञ्चालक  वा साझेदार परिवर्तन भएमा कार्यालयले त्यसको अभिलेख राख्नुपर्नेछ ।

(४) औद्योगिक ग्रामभित्र संचालित दुईवा दुई भन्दा बढी उद्योग प्रचलित कानुनबमोजिम अन्य उद्योगसँग गाभिने भएमा वा औद्योगिक ग्राम भित्र सञ्चालन रहेका अन्य उद्योगसँग  गाभिने भएमा  उद्योगले कार्यालयको स्वीकृति लिनुपर्नेछ ।

**३४. भाडामा दिएको जग्गा प्रयोग गर्नुपर्नेः**उद्योग संचालनका लागि सम्झौता बमोजिम भाडामा लिएको जग्गा पूर्णतः प्रयोगमा आएको नदेखिएमा प्रयोगमा नआएको जति जग्गा कार्यालयले आफ्नो नियन्त्रणमा लिनेसक्नेछ ।

**३५. उद्योग सञ्चालनगर्नुपर्ने समयः**

(१) उद्योगलाई आवश्यक पर्ने भवन, कारखाना, गोदामलगायतका संरचना निर्माणको कार्य सम्झौता लागू भएको मितिले नब्बे दिनभित्र प्रारम्भ गरी बढीमा एक (१) वर्षभित्र उद्योग सञ्चालनगरिसक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयभित्र काबू बाहिरको परिस्थितिको कारणले निर्माण कार्य सुरु गर्न वा उद्योग सञ्चालनगर्न नसकेमा तोकिएको म्याद समाप्त हुनु भन्दा कम्तीमा तीस दिन अगावै म्याद थपको लागि कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२)  बमोजिम  पेश गरेको निवेदनमा म्याद थप गर्ने मनासिव माफिकको कारण देखिएमा कार्यालयले ६ महिना म्याद थप गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम सञ्चालनमाआएको उद्योग संचालनमा आइसके पश्चात कुनै कारणले एक सय असी दिनभन्दा बढी समय संचालन हुन नसकेमा कार्यालयले सात दिनको पूर्वसूचना दिई सम्झौता अन्त्य गर्न सक्नेछ ।

**३६. पुनः भाडामा दिन नहुनेः**

(१) सम्झौताअनुसार जग्गा भवन भाडामा लिएकोमात्यस्तो उद्योगले अन्य कसैलाई पुनः भाडामा दिन सक्ने छैन ।

(२) पुनः भाडामा दिएको पाइएमा उद्योगलाई जरिवाना गरी गल्ती सुधार गर्न सात दिनको समय दिइनेछ । सो समयभित्र पनि सुधार नगरेमा सम्झौता रद्द गरी औद्योगिक ग्रामभित्रबाट त्यस्तो उद्योगलाई कार्यालयले हटाउनेछ ।

**३७. उद्योगले संरचना निर्माण गर्दा स्वीकृति लिनुपर्ने :**

(१) औद्योगिक ग्रामभित्र उद्योगले संरचना निर्माण गर्दा कार्यालयको पूर्वस्वीकृति लिई कार्यालयले तोकेबमोजिमको मापदण्ड पूरा गरी निर्माण कार्य गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति नलिई निर्माण गरेमा वा मापदण्ड पूरा नगरेमा कार्यालयले जरिवाना गरी मापदण्डअनुसार निर्माण गर्न पुनः आदेश दिनेछ ।

**३८. बीमागर्नुपर्ने** :

(१) बीमाको सम्बन्धमा उद्योगकोदेहाय बमोजिको दायित्व हुनेछ :

(क) औद्योगिक ग्रामभित्र स्थापित उद्योगको भवन तथा मेशिनरीलगायतकासम्पत्तिको बीमाउद्योग सञ्चालन गर्दाको बखतमा उद्योग स्वयंले गराउनुपर्नेछ ।

(ख) सम्बन्धित उद्योगले भाडामा लिएको भवन तथा मेशिनरीको बिमा नगराएमा कार्यालयले बीमा गरी त्यसरी बीमावापत भुक्तानी गरेको प्रिमियम रकम तथा प्रिमियम रकमको पच्चीस प्रतिशत थप रकम सम्बन्धित उद्योगबाट असुलउपर गर्नेछ।

(ग) औद्योगिक ग्रामभित्र निर्माण भएका प्रशासकीय भवनलगायतसेवासँग सम्बन्धित भौतिक संरचना तथा यन्त्र उपकरणको बीमा सम्बन्धी अभिलेख कार्यालयले राख्नुपर्नेछ ।

(घ) यस दफामा उल्लिखित बीमाका अतिरिक्त उद्योगले सम्झौतामा उल्लेख भए बमोजिम अन्य बीमा समेत गर्नुपर्नेछ ।

**३९. वातावरण सम्बन्धी व्यवस्थाः**

(१) वातावरण संरक्षणको सम्बन्धमा उद्योगको देहाय बमोजिमका दायित्व हुनेछ :

(क) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम सम्झौता भए पछि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, संचालन, व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्नेछ ।

(ख) पूर्वाधार निर्माण गर्दा तथा उद्योग सञ्चालनगर्दा वरिपरिको वातावरण एवं पर्यावरणलाई ध्यान दिई मानव स्वास्थ्यलाई प्रतिकूल असर नपर्ने व्यवस्था गर्नुपर्नेछ ।

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा नेपाल सरकारले समयसमयमा जारी गरेको निर्देशनअनुसार उद्योगले अद्यावधिक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(घ) उद्योगबाट निस्कने प्रदूषणलाई न्यूनीकरण गर्ननेपाल सरकारले पर्यावरणीय सन्तुलनका लागि तोकेको मापदण्ड उद्योगले पालन गर्नु पर्नेछ ।

(ङ) उद्योग, कलकारखानाबाट निस्कने फोहर, दुर्गन्ध, विषाक्त पदार्थ, प्रज्वलनशीलएवं वातावरणलाई दूषित पार्ने, मानव शरीर र जीवजन्तुलाई समेत हानिनोक्सानी पुऱ्याउने हानिकारक पदार्थलाई सुरक्षित एवं व्यवस्थित ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

(च) उद्योगले गरेको प्रदूषणकोकारणले कसैलाई असर हुन गएमा असर परेको पीडित पक्षलाई उद्योगले कानूनबमोजिम क्षतिपूर्तिदिनुपर्नेछ ।

(छ) उद्योगले वातावरण सम्बन्धी नेपालको प्रचलित कानून बमोजिमको सम्पूर्ण दायित्व पूरा गर्नुपर्नेछ ।

**४०.सम्झौता पालना गर्नुपर्ने :**

(१) दफा २४ बमोजिमको सम्झौतामा उल्लेख भएका सर्तहरू उद्योगले पालन गर्नुपर्नेछ ।

(२) उद्योगबाट सम्झौताको पालना नभएमा कार्यालयले जरिवाना गर्ने, सम्झौता अन्त्य गर्ने तथा उद्योगका विरुद्धमा अन्य कानूनी कारवाही गर्न सक्नेछ ।

**४१. उद्योगको अन्य दायित्व :**

(१) उद्योगलेदेहायबमोजिमका अन्य दायित्व समेत पालना गर्नुपर्नेछ :

(क) सम्झौतामा उल्लेख भएको समयभित्र भाडा रकम दाखिला गर्ने,

(ख) सम्बन्धित नियमावलीमा व्यवस्था भएबमोजिम पानी र विद्युत महसुल तथा अन्य शुल्क दाखिला गर्ने,

(ग) उद्योग संचालनका क्रममा उद्योगले सकेसम्म स्थानीय कच्चा पदार्थ र जनशक्तिको प्रयोग गर्नुपर्ने ,

(घ) उद्योगले कामदार कर्मचारी, स्थानीय समूदायको हक हित संरक्षण तथा वातावरण संरक्षणका लागि असल अन्तराष्ट्रिय अभ्यासलाई आत्मसात् गर्नुपर्ने ,

(ङ) उद्योगले कामदारहरु तथा कर्मचारीहरुको नियुक्ति गर्दा महिला, पिछडिएको तथा बहिष्करणमा परेका वर्ग तथा व्यक्तिहरुलाई प्राथमिकता दिनुपर्ने ,

(च) उद्योगका लागि आवश्यक पर्ने वस्तु वा सेवा खरिद गर्दासम्भव भएसम्म महिला, पिछडिएको तथा बहिष्करणमा परेका वर्ग वा व्यक्तिहरुबाट खरिद गर्ने ,

(छ) लैंगिक, वातावरणीय तथा सामाजिक तथा आर्थिक समावेशिता लगायतका विषयमा समिति तथा कार्यालयले समय समयमा जारी गरेका निर्देशिका वा मार्गदर्शनहरु पालना गर्ने ।

## परिच्छेद ८
## उद्योगलाई उपलब्ध गराइने सेवा तथा सुविधासम्बन्धी व्यवस्था

**४२. पानी,विद्युत तथा संचारका सुविधा उपलब्ध गराउनुपर्ने :**
कार्यालयले सम्बन्धित उद्योगलाई पानी, विद्युत तथा संचारसुविधा उपलब्ध गराउनेछ ।

**४३. कर्जा लिन सक्ने :**उद्योगले भाडामा लिएको जग्गामा आफ्नै खर्चमा निर्माण गरेको भवन वा आफ्नो स्वामित्वमा रहेको अन्य जायजेथा बैंक/वित्तीय संस्थामा धितोबन्धक राखी कर्जा लिन सक्नेछ । तर जग्गा भने धितोबन्धकमा राख्न पाइने छैन ।

**४४. जग्गा भाडादरमा छुट :**

(१) औद्योगिक ग्राममा संचालन हुने उद्योगलाई देहाय बमोजिमको छुट दिइनेछः

(क) कम्तीमा पचास प्रतिशत महिलाउद्यमी वा अपाङ्ग उद्यमी वा तीस वर्ष वा सोभन्दा कम उमेरको उद्यमीको लगानी रहने गरी औद्योगिक ग्रामको स्थापना तथा संचालन हुने उद्योगलाई यस ऐनमा तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि पैतीसप्रतिशत छुट दिइनेछ ।

(ख) स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई यस ऐनमा तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि तीस प्रतिशत छुट दिइनेछ ।

(ग) सीप विकास, आई.टी., सफ्टवेयर विकास, सृजनशीलता विकाससम्बन्धी उद्योगलाई यस ऐनमा तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि बीस प्रतिशत छुट दिइनेछ ।

(२) संचालक समितिले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्राम भित्र स्थापना हुने विशेष प्रकृतिका उद्योगलाई प्रोत्साहन गर्न जग्गाभाडादरमा कुनै निश्चित समय तोकी आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

**४५. करमा छुट :**

(१) नगरपालिकाले प्रचलित कानून बमोजिम आफ्नो क्षेत्रअधिकार भित्र पर्ने करका सम्बन्धमा सुनवल राजपत्रमा सूचना प्रकाशन गरीऔद्योगिक ग्रामभित्र संचालन हुनेविशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ ।

**४६. गोदामको सुविधा :**कार्यालयले उद्योगको प्रकृतिका आधारमा उद्योगलाई आवश्यक पर्ने गोदामको सुविधा उपलब्ध गराउन सक्नेछ ।

**४७. आवश्यक पूर्वधार निर्माण गर्ने :** औद्योगिक ग्रामलाई आवश्यक पर्ने सम्पूर्ण पूर्वाधार निर्माण गर्ने दायित्व कार्यालयको हुनेछ ।

## परिच्छेद ९
## विविध

**४८. उद्योगको सम्पत्ति बेचबिखनसम्बन्धी व्यवस्थाः**

(१) कुनै कारणलेऔद्योगिक ग्रामभित्र सञ्चालित उद्योग सञ्चालनगर्न नसक्ने भएमा भाडामा लिएको जग्गामा उद्योग आफैँले निर्माण गरेको भवन तथा भौतिक संरचना, मिल, मेसिनरीजस्ता सम्पत्तिहरू अन्य उद्योगलाई स्वामित्व हस्तान्तरण गरी बेचबिखन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्योगको सम्पत्ति बिक्री गर्नुपर्ने भएमा उद्योगले कार्यालयमा अनुसुची ४ को ढांचामा निवेदन दिई स्वीकृति लिनुपर्नेछ ।

(३) औद्योगिक ग्रामस्थित उद्योगले निर्माण गरेको भवनलगायत अन्य संरचनाहरू कार्यालयले खरिद गर्ने भएमा त्यस्ता भौतिक संरचनाहरूको मूल्याङ्कन नगरपालिकाले ताकेको प्राविधिकको सहयोगमा समितिले गर्नेछ ।

(४) उद्योगले भाडामा लिएको जग्गामा कार्यालयको स्वीकृति लिएर निर्माण गरेको भवनलगायत अन्य निर्माण संरचनाहरू समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा समितिको स्वीकृति लिएर त्यस्ता भवन वा अन्य संरचनाहरू कार्यालयले खरिद गर्न सक्नेछ ।

**४९. निवेदन दस्तुर, धरौटी रकम तथा नवीकरण शुल्क दाखिला गर्नुपर्ने :**

(१) यस ऐनबमोजिम जग्गा वा भवनको भाडा सम्झौता गरी औद्योगिक ग्रामभित्र प्रवेश गर्ने नयाँ उद्योगलेसमितिले तोकेबमोजिमको निवेदन दस्तुरतथा धरौटी रकमकार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(२) सम्झौता नवीकरण गर्दा समितिले तोकेबमोजिम नवीकरण शुल्क कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

**५०. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्नको लागि सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएका पेटिकामा जोसुकैले गुनासो पेश गर्न सक्नेछ । उक्त गुनासो प्रस्तुत गर्दा आफुलाई मर्का परेको विषय र गुनासो गर्नु पर्नाको कारण र आफ्नो ठेगाना स्पष्ट खुलाई शिष्ट भाषामा प्रस्तुत गर्नु पर्नेछ । गुनासो प्रस्तुतकर्ताले चाहेमा यस दफा बमोजिमको गुनासो सोझै समितिमा पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै गुनासो प्राप्त हुन आएमा समितिले दश दिन भित्र आवश्यक कारबाही गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको कारबाहीको जानकारी सम्बन्धित गुनासो प्रस्तुतकर्तालाई उपदफा (२) बमोजिमको गुनासोमा उल्लिखित ठेगानामा पठाउनु पर्नेछ साथै कार्यालयको सूचना पाटीमा समेत टाँस्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम समितिले निर्णय गर्दा त्यस्तो निर्णयमा चित्त नबुझेमा पैंतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सकिने कुरा निर्णय उल्लेख गर्नु पर्नेछ ।

**५१. <u>विवाद समाधान सम्बन्धी व्यवस्थाः</u>**कार्यालय र उद्योग बीच सम्झौताको कार्यान्वयन वा सम्झौता सम्बन्धी व्यवस्थाका बारेमा कुनै विवाद भएमा त्यस्तो विवाद सम्झौतामा व्यवस्था भए बमोजिम समाधान गर्नुपर्नेछ ।

**५२. <u>जरिवाना सम्बन्धी व्यवस्था</u> :**

(१) उद्योगले कार्यलयसँग भएको सम्झौता, सर्त वा यस कार्यविधिका व्यवस्थाउल्लङ्घन गरेमा वा स्वीकृति/सहमति लिनुपर्नेमा नलिई कार्य गरेमा जरिवाना गरिनेछ ।

(२) यस्तो जरिवानाको दर उल्लंघनको मात्र हेरी समितिले पाँच हजार रुपैयाँदेखि एक लाखरुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर, त्यसरी जरिवाना गर्नु अघि सम्बन्धित उद्योगलाई आफ्नो सफाइ पेश गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिएको जरिवानामा चित्त नबुझे उद्योगले पैतीस दिनभित्र नगरपालिका अन्तरर्गत रहने विवाद समाधन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ र समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**५३. समितिले अनुगमन गर्न सक्ने :** कार्यालयबाट सम्पादन हुने काम कारवाही र कार्यान्वयनलाई पारदर्शीबनाउन समितिले आवधिक रुपमा कार्यालयको कार्यसम्पादनको मूल्यांकन तथा अनुगमन गर्नेछ ।

**५४. विद्युतीय माध्यमको प्रयोगः-**

(१) औद्योगिक ग्रामको व्यवस्थापन प्रक्रियालाई सरल र पारदर्शी गराउन क्रमिक रूपमा प्रशासनिक प्रणालीलाई अटोमेसन र  अनलाइन पद्धति विकास गरिनेछ ।

(२) कार्यालयबाट जारी हुने  कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र त्यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

(३) औद्योगिक ग्रामको कार्यलयबाट विद्युतीय स्वरुपमा पेश गरेका सबै प्रकारका कागजात  सुरक्षित रुपमा कम्प्युटर प्रणालीमा राख्ने दायित्व कार्यलयको हुनेछ ।

(४) यस ऐन बमोजिम पेश गर्नुपर्ने शुल्क भुक्तानीका लागि अनलाइन पेमेण्ट प्रणालीको विकास गरिनेछ ।

(५) विद्युतीय माध्यमको प्रयोग गर्न आवश्यक पर्ने जनशक्ति नियुक्त गरिनेछ ।

**५५. व्याख्या गर्ने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न क्रममा ऐनको कुनै दफामा विवाद आएमा सञ्चालक समितिलाई त्यस्तो व्यवस्थाको व्याख्या गरी वाधा अडकाउ फुकाउने अधिकार हुनेछ ।

**५६. ऐनको संशोधन:**सञ्चालक समितिले यस ऐनमा रहेको कुनै व्यवस्थालाई आवश्यकता अनुसार संशोधनगरि स्वीकृतिको लागि नगरकार्यपालिकामा सिफारिस गर्न सक्नेछ । नगरकार्यपालिकाले संशोधनस्वीकृत गरेपछि लागु हुनेछ ।

**५७. ऐन खारेज गर्न सक्ने :**यस ऐनको औचित्य र आबश्यकता नदेखिएमा नगरकार्यपालिकाले जुनसुकै बखत यो ऐन खारेजगर्न सक्नेछ ।

**अनुसुची -१**
**(दफा ८(३) सँग सम्बन्धित)**

**सुनवल नगर कार्यपालिका**
**औद्योगिक ग्राम व्यवस्थापन कार्यालय**
...........................................

**औद्योगिक ग्रामकोपूर्व सम्भाव्यता अध्ययनकोलागि**
**परिक्षण सूची (Check List)**

| सि.नं. | परिक्षण शिर्षक | परिक्षणको विबरण |
|---|---|---|
| १ | **जग्गाको अवस्थिति (Location)**<br>● प्रदेशको नाम<br>● जिल्ला<br>● नगरपालिका<br>● वडा नं<br>● स्थानको नाम<br>● नजिकको बस्तिको नाम | |
| २ | **जमिनको हालको स्वामित्व** | |
| ३ | **जमिनको चारकिल्ला**<br>पूर्व<br>दक्षिण<br>पश्चिम<br>उत्तर | |
| ४ | **जमिनको क्षेत्रफल**<br>वर्ग मिटर/रोपनी/विगाहा | |
| ५ | **जमिनको बनोट (Topography)**<br>● समथर/भिरालो /अन्य<br>● पहिरो जाने संभावना छ/छैन | |
| ६ | **हालमा जमिनको प्रयोग केमा भएको छ**<br>● सिचाई सुविधा उपलब्धछ/छैन<br>● घना बन जंगल छ/छैन | |

| | | |
|---|---|---|
| ७ | **जमीनमा कुनै बिवाद भए/नभएको** | |
| ८ | **नजिकको मुख्य खोला वा नदीको नाम र दूरी** | |
| ९ | **पहुंच मार्ग**<br>• सबभन्दा नजिकको राजमार्ग<br>• राजमार्ग सम्मको दूरी<br>• राजमार्ग जोड्ने सडकछ/छैन<br>• राजमार्ग जोड्ने सडकको संभावना | |
| १० | **खानेपानी उपलव्ध छ/छैन**<br>**खानेपानीको सम्भाव्य स्रोत वा मुहान** | |
| ११ | **विद्युत प्रसारण लाइन**<br>• छ/छैन<br>• छैन भने नजिकको विद्युत स्टेसन र दूरी | |
| १२ | **नजिकमा रहेका उद्योगहरु** | |
| १३ | **नजिकको बजार वा व्यापारिक केन्द्रको नाम र दूरी** | |
| १४ | **दूर संचार सेवा उपलव्ध छ/छैन**<br><br>उपलव्ध नभएमा नजिकको स्टेसन र दूरी | |
| १५ | **फोहोर तथा औद्योगिक फोहोर व्यवस्थापनको लागि सम्भाव्य क्षेत्र** | |
| १६ | **प्रदुषित पानीव्यवस्थापनको लागि सम्भाव्य क्षेत्र** | |
| १७ | **ढल निकासको व्यबस्था छ/छैन** | |
| १८ | **अन्तर्राष्ट्रिय सीमा सम्मको दूरी** | |
| १९ | **औद्योगिक ग्रामबाट पर्नसक्ने वातावरणिय असरको आंकलन** | |
| २० | **औद्योगिक ग्राम बिस्तारको सम्भावना छ/छैन** | |

**अनुसुची -२**
**(दफा २२सँग सम्बन्धित)**

**सुनवल नगर कार्यपालिका**
**औद्योगिक ग्राम व्यवस्थापन कार्यालय**
.............................................

**निवेदन फारम**

श्रीमान......................................
**औद्योगिक ग्राम व्यवस्थापन कार्यालय**
**सुनवल** नगर कार्यपालिका
...................................... ।

**विषय : भवन वा जग्गा भाडामालिने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त विषयमा ............ नामको मेरो / हाम्रो स्वामित्वमा रहेको उद्योग स्थापना गरीसञ्चालनगर्न आवश्यक भएकोले त्यस औद्योगिक ग्राम भित्रको भवन /जग्गा भाडामा लिन मन्जुर गरि सोको लागि आवश्यक निम्न कागजातहरू साथै दस्तुर संलग्न गरी स्वीकृतीको लागि यो निवेदन पेश गरेको छु । यसमा लेखिएको व्यहोरा सही छन् झुठा ठहरिएमा कानुनबमोजिम सहुँला, बुझाउँला ।

**१. प्रस्तावक उद्योगको विबरण :**

(क) उद्योगको नाम : (देवनागरीमा).....................................................................
(अंग्रेजीमा)..........................................................................

(ख) उद्योगको किसिम (✓लगाउनुहोस्) प्रा.लि. / प्रोपराइटरसिप / पब्लिक लि. / अन्य

(ग) उद्योग दर्ता नम्बर : .........................
दर्ता भएको कार्यालय :
उद्योग विकास शाखा कार्यालय उद्योग विभाग / अन्य

(घ) उद्योग सञ्चालक :

मुख्य प्रोपराइटर/साझेदारहरूको नाम :

| सि.नं. | नम | जन्म मिति | हालको ठेगाना | नागरिकता न (जारी भएको जिल्ला मिति) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ङ) प्रस्ताव वा उद्योगको तर्फबाट मुख्य सम्पर्क व्यक्ति :
नाम : ........................................................................
ठेगाना : .....................................................................
फोन नं. : ..................................................................
इमेल : .......................................................................

**२. प्रस्तावित उद्योगको किसिम (✓ लगाउनुहोस्) :**

(क) उत्पादनमूलक
(ख) कृषि तथा वन पैदावार
(ग) खानी तथा खनिजजन्य
(घ) निर्यातजन्य
(ङ) ऊर्जामूलक
(च) सेवामूलक
(छ) नेपाल सरकारले तोकेका अरू उद्योगहरू

**३. प्रस्तावित उद्योगको आर्थिक विवरण :**

(क) स्थिर पूँजी (रु. हजारमा) :
(ख) चालु पूँजी (रु. हजारमा) :
(ग) उद्योगबाट उत्पादित वस्तुहरू :
(घ) अपेक्षित उत्पादनहरू/३ वर्षसम्मको/प्रति (वर्ष रु. मा) :
(ङ) प्रतिफल प्राप्त गर्ने अवधि :
(च) प्रक्षेपित नाफ : रु. मा

**४. व्यवस्थापकीय सङ्गठन/तह (संख्यासहित) :**

(सङ्गठन तालिका भए संलग्न गर्ने)

| सि.नं. | व्यवस्थापक | शैक्षिक योग्यता | तालिम | अनुभव | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. उद्योगले दिने प्रत्यक्ष रोजगारी (संख्यामा) : ...............
६. उद्योगले खपत गर्ने कच्चापदार्थ (परिणाम) : ................
७. उत्पादित वस्तुको बजार (✓ लगाउनुहोस्) :

(क) स्वदेशी कच्चापदार्थ प्रयोग गरी निर्यात गर्ने
(ख) स्वदेशी कच्चापदार्थ प्रयोग गरी स्वदेशमै बिक्री गर्ने
(ग) विदेशी कच्चापदार्थ आयात गरी निर्यात गर्ने
(घ) विदेशी कच्चापदार्थ आयात गरी स्वदेशमै बिक्री गर्ने
(ङ) कच्चापदार्थ र वस्तुको बजार नखुलेको भए

८. उद्योगले वातावरण स्वच्छ पार्न गरिने प्रतिबद्धताका आधारहरू (संलग्न छ/छैन)

(क) IEE (ख) EIA (ग) अन्य

९. उद्योगले एकमुष्ट बुझाउन कबोल गरेको प्रवेश शुल्क रु. मा.................

**१०. उद्योगको विद्युतसम्बन्धी विवरण**

(क) माग गरेको बिजुलीको उपयोग (कुन किसिमको आवश्यकता हो तल उल्लेख भएकोमा घेरा लगाउनुहोस् ।)
औद्योगिक/व्यापारिक/गैरव्यापारिक/गार्हस्थ(औ.क्षे.व्य.लि. विद्युत नियमावली २०५९ को अनुसूची २ बमोजिम)

(ख) कुनै किसिमको आवश्यकता हो घेरा लगाउनुहोस् ।
नयाँ विद्युत लाइन / अस्थायी विद्युत लाइन
जडान विवरण

| क्र.सं. | विद्युतीय सामानको विवरण | फेज | भोल्टेज स्तर भोल्ट | किलोवाट | संख्या | जम्मा कि.वा. |
|---|---|---|---|---|---|---|
| १ | मेसिनको विवरण | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| २ | मोटरको विवरण | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ३ | हिटर | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ४ | बत्ती | | | | | |
| | | | | | | |
| ५ | अन्य | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

११. **उद्योगको पानी मागसम्बन्धी विवरण**

१. उद्योगलाई आवश्यक धाराको साइज ................ इन्च

२. उद्योगबाट हुने अनुमानित पानी खपत (प्रति महिना) .................. लिटर

३. उद्योगलाई आवश्यक भए ट्याङ्की क्षमता ................. लिटर

.......................................

उद्योगको तर्फबाट आधिकारिक

प्रस्तावकको दस्तखत

मिति : ..........

**निवेदनसँग संलग्न कागजात तथा विवरण :**

१.

२.

३.

४.

५.

## अनुसुची -३
**(दफा २४ को उपदफा (२) सँग सम्बन्धित )**

**<u>सम्झौतामा खुलाउनुपर्ने कुराहरु</u>**

(क) भाडामा दिने जग्गा वा भवनको क्षेत्रफल सहितको नक्सा,
(ख) भाडादर र सोको भुक्तानीको किसिम, छुट हुने अवस्था, व्याज वा जरिवाना लाग्नेसम्बन्धी व्यवस्थाहरू,
(ग) स्वीकृत उद्देश्यका लागि मात्र बहालमा लिएको जग्गा तथा भवन प्रयोग गर्नुपर्ने व्यवस्था,
(घ) भाडामा लिएको जग्गा वा भवन अन्य कसैलाई पुनः भाडामा दिन नपाइने व्यवस्था,
(ङ) भाडामा लिएको जग्गामा स्वीकृत निर्माण मापदण्डको परिधिभित्र रही कार्यालयको स्वीकृति लिई भवन वा यस्तै प्रकृतिका संरचना बनाउन पाउने व्यवस्था,
(च) भाडामा लिएको भवन वा गोदामघरको साविकको क्षेत्रफल नघट्ने गरी संरचना फेरबदल गर्नुपर्ने भएमा स्वीकृति लिनुपर्ने व्यवस्था,
(छ) उत्पादन सुरु गरेको, उत्पादन बन्द गरेको र कार्यालयले माग गरेको विवरण उपलब्ध गराउनुपर्ने व्यवस्था,
(ज) उद्योगले कार्यालयको स्वीकृति लिई निर्माण गरेको भवन,
(झ) नेपाल सरकारलाई प्रचलित कानुनबमोजिम बुझाउनुपर्ने कर, शुल्क वा अन्य राजस्व बुझाउनुपर्ने व्यवस्था,
(ञ) उद्योगबाट सिर्जित फोहोर वा अन्य कुराहरू कार्यालयले तोकेबमोजिम उद्योग आफैँले व्यवस्थापन गर्नुपर्ने, साथै उद्योग सचालनको क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी संबन्धीतसम्बन्धित उद्योगको हुने व्यवस्था ।
(ट) कार्यालय र उद्योगका बीचमा विवाद भएमा त्यसको प्रचलित करार ऐन र सम्झौतापत्रबमोजिम विवाद समाधानको उपाय अवलम्बन गर्ने व्यवस्था,
(ठ) बक्यौता रकम दाखिला नगरेमा क्षेत्रभित्र रहेको उद्योगको सम्पत्ति कार्यालयले मनासिव कारण देखाई कब्जा गरी लिलाम बिक्री गरी बक्यौता रकम असुलउपर गर्न सक व्यवस्थार्जे ।
(ड) तोकिएको अवधिभित्र निर्माण कार्य सम्पन्न गरी उद्योग सञ्चालन गर्नुपर्ने, मनासिव कारण भएमा कार्यालयले तोकेको थप निर्माण शुल्क लिई मनासिव माफिकको म्याद थप गर्न सक्ने व्यवस्था ।
(ढ) तोकिएको अवधिभित्र उद्योग सञ्चालन नगरेमा कार्यालयले सम्झौता रद्द गर्न सक्ने व्यवस्था ।

(ण) भाडामा लिएको जग्गा पूर्णतः प्रयोगमा आएको  कार्यालयले आफ्नो नियन्त्रणमा लिने  व्यवस्था ।
(त) उद्योगले सम्झौताको कुनै शर्त उल्लङ्घन गरेमा कार्यालयले कानुनी कारबाही गर्न सक्ने व्यवस्था।
(थ) उद्योगले भाडामा लिएको भवन संरचनागत निर्माण परिवर्तन गर्नुपर्नेबाहेक सामान्य मर्मतसम्भार प्रयोगकर्ताले गर्नुपर्ने व्यवस्था ।
(द) उद्योगले भाडामा लिएको भवनको बिमा प्रचलित कानुनअनुसार प्रयोगकर्ता स्वयंले अनिवार्य रूपमा गराउनुपर्ने व्यवस्था।
(ध) विवाद समाधानको संयन्त्र र प्रक्रिया ।
(न) अन्य आवश्यक कुराहरु ।

**अनुसूची - ४**
**( दफा ४८ (२) सँग सम्बन्धित)**
**निवेदन फारम**
**(सम्पत्ति वेचविखन गर्ने साविक उद्योगले भर्ने)**

श्रीमान् ...
**औद्योगिक ग्राम व्यवस्थापन कार्यालय**
**सुनवल** नगर कार्यपालिका,
..................................... ।

**विषय : सम्पत्ति वेचविखन गर्ने ।**

महोदय,

उपर्युक्त विषयमा त्यस औद्योगिक ग्राम भित्र स्थापना भएको ... ... ... ... ... ... ... नामको उद्योगको निम्न कारणले गर्दा निम्न कम्पनी /व्यक्तिको नाममा सम्पत्ति वेचविखन गर्नु परेकाले सोको लागि आवश्यक निम्न कागजातहरू साथै दस्तुर संलग्न गरी स्वीकृतीको लागि यो निवेदन पेश गरेको छु । यसमा लेखिएको व्यहोरा सही छन् झुठा ठहरिएमा कानुन बमोजिम सहुँला, बुझाउँला ।

सम्पत्ति वेचविखन गर्नुपर्नाको कारण :

१. **बेचविखन गर्ने साविक उद्योगको विबरण :**

(क) उद्योगको नाम : (देवनागरीमा)....................................................................
(अंग्रेजीमा).........................................................................

(ख) उद्योगको किसिम (✓लगाउनुहोस्) प्रा.लि. / प्रोपराइटरसिप / पब्लिक लि. / अन्य

(ग) उद्योग दर्ता नम्बर : .........................
दर्ता भएको कार्यालय :
उद्योग विकास शाखा कार्यालय उद्योग विभाग / अन्य

(घ) उद्योग सञ्चालक :
मुख्य प्रोपराइटर/साझेदारहरूको नाम :

| सि.नं. | नाम | जन्म मिति | हालको ठेगाना | नागरिकता न (जारी भएको जिल्ला मिति) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ङ) बेचविखन गर्ने उद्योगको तर्फबाट मुख्य सम्पर्क व्यक्ति :
नाम : ........................................................................
ठेगाना : ......................................................................
फोन नं. : ....................................................................
इमेल : ........................................................................

२. **खरिद गर्ने उद्योगको विबरण :**

(क) उद्योगको नाम : (देवनगरीमा) ..........................................
(अंग्रेजीमा) ......................................................................

(ख) उद्योगको किसिम (✓ लगानुहोस्) प्रा.लि./प्रापराइटरसिप/पब्लिक लि./अन्य

(ग) उद्योग दर्ता नम्बर : .........................
दर्ता भएको कार्यालय (✓लगाउनुहोस्) :
घरेलु तथा साना उद्योग कार्यालय/घरेलु विकास समिति/उद्योग विभाग/अन्य

(घ) उद्योग सञ्चालक :
मुख्य प्रोपराइटर/साझेदारहरूको नाम :

| सि.नं. | नाम | जन्म मिति | हालको ठेगाना | नागरिकता नं./पासपोर्ट नं. (जारी भएको जिल्ला मिति) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ङ) खरिद गर्ने उद्योगको तर्फबाट मुख्य सम्पर्क व्यक्ति :
नाम : ......................................................................
ठेगाना : ..................................................................
फोन नं. : ..................................................................
इमेल : .....................................................................

.......................................
उद्योगको तर्फबाट आधिकारिक
प्रस्तावकको दस्तखत
मिति : .................

**(३) सम्पत्ति बेचविखन गर्ने साविक उद्योगको तर्फबाट संलग्न हुनुपर्ने कागजात तथा विवरण :**

(क) निवेदन फाराम ।

(ख) सम्बन्धित निकायबाट हालैको मितिमा प्रमाणित गरिएको उद्योगको शेयरधनी, साझेदार वा प्रोप्राइटरको लगत किताब

(ग) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) बैंक तथा वित्तीय संस्थालाई कर्जाका लागि कार्यालयबाट सिफारिस गरिएको भए सोको फुकुवापत्र ।

(ङ) सम्पत्ति बेचविखन गर्न उद्योगको कम्पनी भए कम्पनीको तथा साझेदारी भए उद्योग साझेदार वा प्रोपाइटरको प्रोपाइटर हरूको निर्णय ।

(च) सञ्चालकको नागरिकता वा पासपोर्टको प्रमाणित प्रतिलिपि ।

(छ) अघिल्लो वर्षको आय विवरण पेश गरेको वा आयकर चुक्ता प्रमाणपत्र ।

(ज) उद्योगको दर्ता खारेजी गरेको भए सोको प्रमाण वा ठाउँसारी गर्ने भए उद्योग दर्ता गर्ने सम्बन्धित निकायको पत्र ।

(झ) कार्यालयको बहाल महसुल बक्यौता रकम चुक्ता भएको प्रमाण ।

(ञ) बेचविखन गर्ने उद्योगले क्षेत्रसँग पट्टा लिएको जग्गा/भवन सम्झौतापत्र ।

(ट) उद्योग स्वयम्ले निर्माण गरेको संरचना (नाप नक्सा सहितको नक्सा) ।